**बैठक संख्या: ३/२०७९/०८०**

**मितिः २०७९/०५/३०**

**समयः बिहान ११:०० बजे**

**स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष**

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | भिमला | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | चन्द्रसिंह श्रेष्ठ | सचिव/ प्र.प्र.अ. | गाउँ कार्यपालिकाको कार्यालय |

**अन्य**

| | | | |
|---|---|---|---|
| | | चेतन बुढामगर | |
| | | | |
| | | | |

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. ३/०७९-८० मिति २०७९।०५।३० कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा

**प्रस्तावहरु:**

| प्रस्ताव नं. | बैठक प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १ | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा | |
| २ | सेवा प्रवाह समीक्षा सम्बन्धमा | |
| ३ | विधेयक प्रस्तुत सम्बन्धमा | |
| ४ | वार्षिक कार्यक्रम संशोधन सम्बन्धमा | |
| ५ | आन्तरिक तथा विशेष अनुदानतर्फको कार्यक्रम स्वीकृति सम्बन्धमा | |
| ६ | सस्तो पसल सञ्चालनका लागि माग सम्बन्धमा | |
| ७ | भुक्तानी अनुमोदन सम्बन्धमा | |
| ८ | एकीकृत वस्ती विकासका लागि स्थान छनौट सम्बन्धमा | |
| ९ | प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फका आयोजना छनौट सम्बन्धमा | |
| १० | विपद् राहत सम्बन्धमा | |
| ११ | पहुँचयुक्त पूर्वाधार तथा कार्यालय निर्माण सम्बन्धमा | |
| १२ | पहुँचयुक्त वेबसाइट निर्माण सम्बन्धमा | |
| १३ | घरभित्रको धुवाँमुक्त पालिका अभियान सम्बन्धमा | |

निर्णय प्रमाणित गर्दछु।

हस्ताक्षर:

मिति :

पद :

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. ३/०७९-८० मिति २०७९।०५।३० कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा

**निर्णय नं. १:**

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को बैठक संख्या २ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा सबै निर्णय कार्यान्वयन नभएको र निर्णय कार्यान्वयनको चरणमा भएकाले निर्णय कार्यान्वयनलाई प्रभावकारी बनाउन सबै पदाधिकारी, कर्मचारी तथा शाखा/कार्यालयहरुलाई थप जिम्मेवार गराउने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. २:**

भूमे गाउँपालिका अन्तर्गतका वडा कार्यालय, विषयगत शाखा तथा सेवा केन्द्र/कार्यालयहरुबाट २०७९ भाद्र महिनाको हालसम्म सम्पादित सेवाहरुको प्रतिवेदन र हालसम्मको सेवा प्रवाह बारे समीक्षा गरियो।

**निर्णय नं. ३:**

भूमे गाउँपालिकाको स्वास्थ्य ऐन, २०७९ र सार्वजनिक निजी साझेदारी ऐन, २०७९ गाउँ कार्यपालिकामा छलफल गरी स्वीकृतिका लागि गाउँसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**

चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतका देहाय बमोजिमका कार्यक्रम/आयोजनाहरु संशोधनका लागि गाउँ सभासमक्ष पेश गर्ने निर्णय गरियो:

क) शीर्षक संशोधन

| क.सं. | आयोजना/कार्यक्रम | संशोधित कार्यक्रम | स्थान | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | हुल्वाङ भूमेथान घेराबार | हुल्वाङ भूमे नाच फिल्ड निर्माण | भूमे ७ | २०० | |

ख) रकम थप/घट

| क.सं. | आयोजना/कार्यक्रम | स्थान | विनियोजित | थप | घट | कायम बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | आ.वि. बराह देखि मध्यपहाडी लोकमार्ग सम्म सिढी निर्माण | भूमे १ | २०० | ३५० | | ५५० | |
| २ | बराह आ.वि. घेराबार | भूमे १ | ६०० | | ३५० | २५० | |
| ३ | वालदिवस कार्यक्रम सञ्चालन | भूमे ३ | १५६ | | १५६ | १५६ | |
| ४ | शहिद शुक्र मावि सिमा क्यान्टिन टहरा निर्माण | भूमे ३ | | १५६ | | १५६ | |

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:
मिति: २०७९।०८।३०
पद: प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. ३/०७९-८० मिति २०७९।०५।३० कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा

**निर्णय नं. ५:**

नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारबाट प्राप्त विशेष अनुदानतर्फको तपसिल बमोजिमको आयोजना तथा कार्यक्रम स्वीकृतिसहित थप कार्यक्रमका लागि तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरु गाउँसभासमक्ष पेश गर्ने निर्णय गरियोः

क) नेपाल सरकारबाट प्राप्त विशेष अनुदानतर्फ

कार्यक्रमको नामः पोषणमैत्री नमूना टोल र स्वास्थ्य प्रवर्द्धन

| क. सं. | कार्यक्रम/आयोजना | कार्यान्वयन स्थल | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | स्वास्थ्य संस्था/बर्थिङ सेन्टर स्थापना/स्तरोन्नति | स्वास्थ्य संस्थाहरु | ५००००० | |
| २ | स्वास्थ्य संस्थाहरुका लागि मेसिनरी औजार खरिद | स्वास्थ्य संस्थाहरु | ८००००० | |
| ३ | जुठ्यान/भकारो सुधार कार्यक्रम | भूमे ६ र ७ (स्याला सूर्पा, खाम्दै, नाखे,गतिङ्जा तामारी, भित्रवन) | १०००००० | |
| ४ | कृषकहरुलाई प्रविधि सहयोग | " " | ५००००० | |
| ५ | उन्नत जातका पशुधन विस्तार कार्यक्रम | " " | ५००००० | |
| ६ | करेसाबारी निर्माण साझेदारी अनुदान | " " | ५००००० | |
| ७ | एक घर दश फलफूल विरुवा अनुदान | पालिकाभर | ५००००० | |
| ८ | स्तनपान कक्ष स्थापनाका लागि फर्निचर खरिद | स्वास्थ्य संस्था/ वडा कार्यालय | २००००० | |
| ९ | पोषण कर्नर/डेस्क स्थापना | विद्यालयहरु | २००००० | |
| १० | लिटो पोषण उद्योग | भूमे २ | ३००००० | |
| | कूल जम्मा | | ५०००००० | |

ख) लुम्बिनी प्रदेश सरकारबाट प्राप्त थप विशेष अनुदानतर्फ

| क. सं. | कार्यक्रम/आयोजना | कार्यान्वयन स्थल | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | भूमे बहुप्राविधिक शिक्षालयको छात्राबास डिपिआर | भूमे १ | ५००००० | |
| २ | बालशिक्षा भवन भूमे ६ नाखे | भूमे ६ | १०००००० | |
| ३ | लिकेखोला सिंचाई योजना काँडा | भूमे ४ | १०००००० | |
| ४ | जनशक्ति मा.वि. काँडा भौतिक पूर्वाधार निर्माण | भूमे ४ | १०००००० | |

ग) आन्तरिक आम्दानी (गत वर्षको मौज्दात रकम समेत)तर्फका आयोजना कार्यक्रमहरु

| क. सं. | कार्यक्रम/आयोजना | कार्यान्वयन स्थल | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | वासुस्मृति नमूना आ.वि. क्याङ्सी विद्यालय भवन निर्माण क्रमागत | ३ क्याङ्सी | १७००००० | |
| २ | ब्याकहो लोडर मर्मत | | १०००००० | |
| ३ | इन्धन कार्यालय प्रयोजन | | १०००००० | |
| ४ | सिद्धचौर माध्यमिक विद्यालय भवन निर्माण साझेदारी | | १०००००० | |
| ५ | नागरिक वैयक्तिक विवरण तथा तथ्याङ्क व्यवस्थापन | | ५००००० | |



निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षरः
मितिः २०७९।०५।३०
पदः प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. ३/०७९-८० मिति २०७९।०५।३० कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा

**निर्णय नं. ६:**

लुम्बिन प्रदेश सरकारको सस्तो पसल सञ्चालन कार्यविधि-२०७९ अनुसार स्थानीय तहसँगको सहकार्यमा जिल्लाको कुनै एक दूर्गम स्थानीय तहमा सस्तो पसल सञ्चालनमा सहयोग कार्यक्रमका लागि सस्तो पसल सञ्चालन गर्न देहाय बमोजिमको स्थानमा सस्तो पसल स्थापना गर्न प्राथमिकताक्रममा राखी अनुरोध गरी पठाउने निर्णय गरियो:

तपसिल

१) भूमे गाउँपालिका वडा नं. २ खाबाङबगर
२) भूमे गाउँपालिका वडा नं. ३ सिमा
३) भूमे गाउँपालिका वडा नं १ जलबजार
४) भूमे गाउँपालिका ६ महत
५) भूमे गाउँपालिका ९ चुनबाङ गैरीगाउँ
६) भूमे गाउँपालिका ८ दोमही
७) भूमे गाउँपालिका ४ तल्लो साकिम
८) भूमे गाउँपालिका ७ धर्मशाला

**निर्णय नं. ७:**

हालसम्म भएका तपसिल बमोजिमका आम्दानी खर्चहरुको अनुमनोदन स्वीकृत गर्ने निर्णय गरियो:

| सि. नं. | मिति | विवरण | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | ०५/२१/२०७९ | पूर्वाधारमा कार्यरत कर्मचारीहरुको तालिमको लागि पेश्की | २७,६८५ | |
| २ | ०५/२४/२०७९ | वडा कार्यालयहरु र स्वास्थ्य संस्थाको इन्टरनेट शुल्क रकम | ३,६३,३९९ | |
| ३ | ०५/२४/२०७९ | फाईबर इन्टरनेटको मासिक इन्टरनेट शुल्क रकम | २१,५०० | |
| ४ | ०५/२६/२०७९ | संचार महसुल वापतको रकम भुक्तानी | ५०,००० | |
| ५ | ०५/२६/२०७९ | ब्याकहो लोडर मर्मतका लागि ढुवानी वापतको रकम भुक्तानी | १,६७,००० | |
| ६ | | सूचना तथा अभिलेख केन्द्र भवन मर्मत तथा सिलिङ प्लाई | ३५००० | |

**निर्णय नं. ८:**

सहरी विकास तथा भवन निर्माण कार्यालयबाट कार्यान्वयन हुने एकीकृत वस्ती विकासका लागि एक पालिका एक स्थान छनौटका लागि भूमे गाउँपालिका ३ सिमा गाउँलाई छनौट अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९:**

प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फतर्फ चालु आर्थिक वर्षका लागि प्राथमिकताका आधारमा छनौट भएका बेरोजगार व्यक्तिहरुले न्यूनतम् १०० दिनको रोजगारी सुनिश्चित गर्ने गरी निर्माण सामग्री तथा दक्ष कामदार पारिश्रमिक गाउँपालिकाको साझेदारी रकमबाट बेहोर्ने गरी तपसिल बमोजिमका आयोजना छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो:

तपसिल

| क.सं. | आयोजनाको नाम | वडा नं. | सङ्ख्या | प्रधामन्त्री रोजगार कार्यक्रम | स्थानीय साझेदारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गुरिल्ला पदमार्ग निर्माण | १, २, ६, ७ र ८ | ६९ | ३९८१३०० | | |

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:
मिति: २०७९।०५।३०
पद: प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. ३/०७९-८० मिति २०७९।०५।३० कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा

**निर्णय नं. १०:**

विभिन्न मितिमा आएको विपद्का घटनाबाट क्षति भएका तपसिल बमोजिम मापदण्ड बमोजिम राहत प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | पीडितको नाम | वडा नं | क्षतिको विवरण | राहत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | दिल कुमारी बुढा | ६ रुन्चि | २०७९।०५।१६ दिउँसो ४ बजे भएको आगलागीबाट २ कोठे घर, सोलार, नगद ५० हजार, लट्टाकपडा, भाँडावर्तन, अन्नपात सरकारी कागजपत्र नष्ट भएको भएको | २०००० | |
| २ | सन्नी आवि गलम्छिन्ने | ९ | २०७९।०१।१६ को अविरल वर्षा र हावाहुरीको कारण विद्यालयको छाना उडाई विद्यालय भवनमा क्षति भएकाले विद्यालय भवन तथा छाना मर्मत वापतको रकम | प्राविधिक मूल्याङ्कन बमोजिम २४८००० मा नबढ्ने गरी | |

**निर्णय नं. ११:**

गाउँपालिका र अन्तर्गतका सबै कार्यालयहरुबाट प्रवाह हुने सबै सेवालाई थप जनमैत्री र सेवाग्राहीमैत्री बनाउन पालिकामा निर्माण हुने सम्पूर्ण पूर्वाधारहरुमा लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, बालमैत्री लगायत सबैको सहज पहुँचयुक्त निर्माणलाई अनिवार्य गर्नुका साथै हालको संरचनामा सहज पहुँचयुक्त बनाउन निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार र अन्य सार्वजनिक निर्माण शीर्षकबाट प्राविधिक लागत अनुमान बमोजिम पुनर्निर्माण कार्य अगाडि बढाउने निर्णय सर्वसम्मतिले गरियो ।

**निर्णय नं. १२:**

गाउँपालिकाको हालको वेबसाइटलाई सबै सेवाग्राहीहरुको समेत सहज पहुँच सुनिश्चतता कायम गर्न साथै सम्बन्धित सरोकारवालाहरुको सहजता र समय लागत बचतमा सहयोग पुर्‍याउन कार्यालयबाट उत्पादित सबै प्रकारका डिजिटल कन्टेन्टहरु Readable, editable अवस्थामा प्राप्त गर्न सक्ने गरी असोज मसान्तभित्र कार्यालयको वेबसाइट तथा Public Folder मा अपलोड गर्ने र वेबसाइटलाई क्रमशः अडियो, भिडियो सहितको पहुँचयुक्त बनाउदै लैजाने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. १३:**

गाउँपालिकाभित्रका सबै घरधुरीमा भान्साबाट निस्कने धुवाँमुक्त र कम दाउरा खपत गरी वनसंरक्षण र पर्यावरणलाई योगदान दिने गरी गाउँपालिकाभर सुधारिएको चुल्हो वितरण गर्न प्राक्टिकल एक्सनसँग सम्झौता गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

निर्णय प्रमाणित गर्दछु ।
हस्ताक्षर:
मिति : २०७९।०५।३०
पद : प्रमुख प्रशासकीय अधिकृत